# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

**१०० रिम आर्ट पेपर (२४×३६, 100 GSM) खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सिलबन्दी दरभाउपत्र सूचना नं. ०४/०७९/०८०**

**(पुनः प्रकाशित मिति : २०८०/०१/०५ गते)**

**यस संस्थानलाई सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिए अनुसारको** १०० रिम आर्ट पेपर (२४×३६, 100 GSM) **आवश्यक परेकोले सो सामान संस्थानको केन्द्रीय कार्यालय धर्मपथ काठमाडौँमा डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. सिलबन्दी दरभाउपत्र पेस गर्नका लागि संस्थानबाट बिक्री हुने दरभाउपत्र फाराम रु.१,०००।- (एक हजार) तिरी फिर्ता नहुने गरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र पेस गर्दा खाम बाहिर गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ र १०० रिम आर्ट पेपर (२४×३६, 100 GSM) सप्लाई सम्बन्धी कार्यको सिलबन्दी दरभाउपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्र दाताले मिति २०८०/०१/२० गते अपराह्न १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस संस्थानमा बुझाउनुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

४. इजाजत प्राप्त सप्लायर्स र फर्महरूले सामान उत्पादन गर्ने कम्पनी र ब्रान्ड समेत उल्लेख गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा कबोल गरेको रकम (भ्याट बाहेक) अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र दाताले दरभाउपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनुपर्नेछ । साथै आ.व. ०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रसाथ संस्थानले माग गरेको धरौटी रकम (बिडबन्ड) बापतको रकम रु.१७,०००।- (सत्र हजार रुपैयाँ मात्र) संस्थानको नेपाल बैंक लिमिटेड, काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००१ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा वाणिज्य बैंकहरूको जमानत पत्र दरभाउपत्रसाथ पेस गर्नुपर्नेछ । बैंक जमानत पत्र (बिड सेक्युरिटी) को समयावधि कम्तीमा दरभाउपत्र खोलेको मितिबाट ७५ दिनको हुनुपर्नेछ ।

८. प्राप्त दरभाउपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०८०/०१/२० गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ ।

९. माथि जुनसुकै कुरा लेखिएको भए तापनि दरभाउपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि दरभाउपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ ।

१०. स्वीकृत दरभाउपत्र दाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ ।

११. दरभाउपत्र स्वीकृत भई दरभाउपत्र दाताले दिएको सामानहरू संस्थानले माग गरे अनुसारको नभएमा सो सामान संस्थानले दरभाउपत्र दातालाई फिर्ता गर्न सक्नेछ ।

१२. स्वीकृत दरभाउपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ ।

१३. दरभाउपत्र दाताले यस संस्थानबाट बिक्री गरेको दरभाउपत्र फाराममा मूल्य सूची, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रस्टसँग उल्लेख गर्नुपर्नेछ ।

१४. दरभाउपत्र दाताले आफू कालो सूचीमा नपरेको स्वः घोषित घोषणा पत्र पेस गर्नुपर्नेछ ।

१५. यस सूचनामा नपरेका अन्य विषय नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि.नं. | सामानको विवरण | परिमाण | पेस गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १. | रिम आर्ट पेपर (२४×३६, 100 GSM) | १०० रिम | रु.१७,०००।- (सत्र हजार रुपैयाँ मात्र) | रु.१,०००।- (एक हजार रुपैयाँ मात्र) |

**नोट** : यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatraonline.com मा पनि हेर्न सकिनेछ ।

**गोरखापत्र संस्थान, खरिद शाखा**

**धर्मपथ, काठमाडौँ । फोन नं.: ५-३४४४३७**